# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति

## बैठक संख्याः ४
## (मितिः २०८०/०३/२५)

**<u>कार्यसूचीः</u>**

१. परराष्ट्र मन्त्रालयबाट भइरहेको कामकारवाहीका सम्बन्धमा मन्त्रालयसँग ब्रिफिङ्ग लिने।

२. विविध।

## <u>छलफल तथा निर्णय</u>

समितिको आजको बैठकमा परराष्ट्र मन्त्रालयका माननीय मन्त्रीले मन्त्रालयबाट हाल भइरहेका कामकारवाहीका सम्बन्धमा समितिलाई जानकारी गराउनु भयो। बैठकमा समितिका सदस्यहरुले मन्त्रालयका काम कारबाहीका सम्बन्धमा विभिन्न जिज्ञासा एंव सुझाव राख्नुभयो । माननीयहरुले राख्नुभएका जिज्ञासालाई माननीय मन्त्री एवं मन्त्रालयका सचिवले सम्बोधन गर्नुभयो ।त्यसपछि समितिबाट देहाय बमोजिम निर्देशन दिने निर्णय भयो:

१. स्वदेश तथा विदेशमा रहेका नेपालीहरुले सरल र सहज तरिकाले राहदानी प्राप्त गर्न नसकेको भन्ने जनगुनासो आएको सम्बन्धमा समितिमा छलफल हुँदा पर्याप्त जनशक्तिको अभावका कारण राहदानी वितरणको कार्यलाई व्यवस्थित गर्न नसकिएको भन्ने माननीय परराष्ट्र मन्त्रीको जवाफ समेतलाई मध्यनजर गरी यो समिति परराष्ट्र मन्त्रालयले आवश्यक दक्ष जनशक्तिको व्यवस्था यथाशीघ्र गरी स्वदेश तथा विदेशमा बस्ने नेपालीहरुले सरल र सहज ढंगले राहदानी प्राप्त गर्ने व्यवस्था मिलाउन मन्त्रालयलाई निर्देशन गर्दछ ।

२. नेपालको भू-राजनीतिक सन्तुलन र असंलग्न परराष्ट्र नीतिका सम्बन्धमा अगामी बैठकमा परराष्ट्र मन्त्रालयले समितिलाई जानकारी गराउने ।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।